मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय रौतहट
चन्द्रनिगाहपुर

---

२०८२/४/२८
मनोज ठाकुर
डिभिजनल वन अधिकृत

**वन प्राविधिक (पाँचौ तह) आवश्यकता सम्बन्धि सूचना**

**(प्रथम पटक सुचना प्रकाशित मिति : २०८३/०४/२८)**

नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालय, रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौंको च.नं. ४६ मिति २०८३/०४/२२ गतेको पत्रबाट वन विकास कोष (कार्बन उत्सर्जन न्यूनीकरण) कार्यक्रम, संघीय सशर्त अनुदान अन्तर्गत नयाँ तथा पुराना निजी वनको विकास तथा प्रवर्धन कृयाकलापमा विनियोजित बजेटको परिधिभित्र रही चालु आ.व. २०८३/०८४ को लागि डिभिजन वन कार्यालय, रौतहटमा र सोको कार्य क्षेत्रमा स्वीकृत कार्यान्वयन कार्यविधि अनुसार कार्य गर्ने गरी वन प्राविधिक (पाँचौ तह) को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिलका कागजात सहित निवेदन पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| पद नाम | माग संख्या |
|---|---|
| वन प्राविधिक (पाँचौ तह) | २ (दुई) |

तपसिलः

क. <u>आवश्यक कागजात:</u>

१. निवेदन ।

२. बायोडाटा (curriculum vitae) ।

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

४. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

५. अनुभव खुल्ने प्रमाणित कागजात ।

६. वृक्षारोपण गरेको सम्बन्धि प्रमाणपत्र वा सिफारिस पत्रको प्रमाणित प्रतिलिपि ।

ख. <u>योग्यता:</u>

- वन विज्ञान विषयमा प्रमाणपत्र वा सो सरह अध्ययन गरी कम्तिमा १ वर्षको अनुभव भएको वा वन विज्ञान विषयमा स्नातक उतिर्ण गरेको ।
- समृद्धिका लागि वन कार्यक्रम वा यस्तै जलवायु परिवर्तनसंग सम्बन्धित परियोजनामा निजी वन, सार्वजनिक वन वा वन क्षेत्रमा आफ्नै अगुवाईमा वन विकासको कार्य गरी कम्तीमा ५ हेक्टर वृक्षारोपण गरेको । (१० हे. भन्दा बढी वृक्षारोपण गरेकोलाई प्राथमिकता दिईनेछ ।)
- मधेश प्रदेशको बासिन्दा प्राथमिकता दिइनेछ ।
- १८ वर्ष उमेर पुरा भई ५८ वर्ष ननाघेको हुनुपर्ने । (१८ वर्ष देखि ४० वर्षलाई प्राथमिकता दिइनेछ ।)
- आदिवासी जनजाति, दलित, मधेशी, महिला, अल्पसंख्यक समुदायलाई प्राथमिकता दिइनेछ ।
- REDD+ का बारेमा जानकार, लागत अनुमान तयार गर्न सक्ने, कम्प्यूटरमा सिप (GIS, ETRS, आदि Application बारे जानकारलाई प्राथमिकता दिइनेछ ।
- अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

ग. छनोट प्रक्रिया र पारिश्रमिक

१. आवेदन दिने अन्तिम मिति : २०८३ भाद्र ३ गते कार्यालय समयभित्र । (पेश गरिने सबै प्रतिलिपिको पछाडी निवेदक स्वयंले हस्ताक्षर गरी प्रमाणित गरी निवेदक आफै भौतिक रुपमा डिभिजन वन कार्यालय, रौतहट, चन्द्रनिगाहपुरमा उपस्थित भई निवेदन सहित कागजातहरु बुझाउनु पर्नेछ ।)

२. छनोट प्रक्रिया : उम्मेदवारहरुको curriculum vitae (CV), शैक्षिक योग्यता, नागरिकतामा उल्लेखित जन्ममिति, अनुभव लगायतका आधारमा REDD+ कार्यान्वयन केन्द्रले तोकेको वन प्राविधिक नियुक्ति सम्बन्धि मापदण्ड बमोजिम छनोट गरिनेछ ।

३. पारिश्रमिक : नेपाल सरकारको प्रचलित नियमानुसार ।

थप जानकारीको लागि यस डिभिजन वन कार्यालयमा सम्पर्क गर्नुहुनः ९८५४०५०२४० (9854050240)